

के तपाईको घर पानीले रसाएको छ ?
अब चिन्ता नगर्नुहोस !
चिन्ताको समाधान Waterproofing ले गर्ने छ । 100% ग्यारेन्टीका साथ समस्यको समाधान ।
सम्पर्क: प्रगति ट्रेड कर्न्सन
रानीपौवा, पोखरा-११ (रन्जित पार्टी प्यालेसको नजिकै)
०६१-५७८०९९, ९८५६०२२३३३, ९८४६९१४७७३



राष्ट्रिय दैनिक

# पोखरापत्र

Pokharapatra National Daily



रु. १.५ मा
कलर भिजिटिङ कार्ड साथै
तुरुन्त क्यालेण्डर पुस्तक, स्मारिका आदि छपाई गर्नु परेमा
सम्पर्क:
०६१-५७०६५१, ९८५६०७५५७५



❑ वर्ष २४ ❑ अङ्क ४० ❑ श्रेणी क्षेत्रीय 'क' ❑ २०७९ फागुन ११ गते बिहीबार ❑ 23 Feb. 2023 ❑ पृष्ठ ४ ❑ मूल्य रू. ५ ।-


## पोखराबाट रात्रिकालिन हवाई हुने

पोखरापत्र संवाददाता
पोखरा, १० फागुन

पर्यटकीय नगरी पोखरामा अब रात्रिकालिन हवाई सेवा समेत संचालन हुने भएको छ । पोखरा अन्तराष्ट्रिय विमानस्थल संचालन भएको करिब डेढ महिना भन्दा बढी भएकोले अब रात्रिकालिन सेवा समेत संचालन हुने भएको पोखरा विमानस्थलका प्रमुख बिक्रम गौतमले बताए ।

पोखरामा विहिबार देखि रात्रिकालिन एयरखुल्ला भएकोले आफुहरु राति मध्यरात १२:०० बजेसम्मको लागि तयारी अबस्थामा रहने भएको उनले बताए । विहान ६:०० देखि बेलुका ५:०० बजेसम्म एउटा सेडुलमा हवाई उडान हुने भएको छ भने त्यसपछि रात्रिकालिन सेवा बेलुका थप ६ घण्टा पुन संचालन हुने भएको प्रमुख गौतमले हामीलाई जनाए । उनले भने "पोखरामा पहिलो पटक रात्रिकालिन हवाई उडानको लागि विहिबारदेखि कुनै पनि एयरलायन्स कम्पनीहरुले उडान भर्न सक्ने भएका छन्, एयरपोर्टमा आवश्यक पर्ने सम्पूर्ण तयारी भने हामीले गरेका छौं ।"

अहिलेसम्म ठ्याक्कै कुनै कम्पनीले पनि रात्रिकालिन सेवाको लागि समय तालिका प्राप्त नगरेको यदि माग भएमा उनीहरुलाई हवाई उडानको लागि आफुहरु तयारी अबस्थामा



रहेको उनले जनाए । आधारभूत रुपमा सुरक्षाको बिषयमा आफुहरु निकै गम्भिरतापूर्वक लागेको दाबी गर्दै सेफ्टी र सेक्युरिटिको बिषयमा आफु निकै कठोर भएको प्रमुख गौतमले भन्दै आएका छन् । ४७ बर्षपछि पोखरा अन्तराष्ट्रिय विमानस्थल निर्माण भएसंगै पोखरामा पर्यटन प्रबर्द्धनको ठुलो आशा र भरोसा गरिए पनि र्दुभाग्यबस पोखरामा माघ १ गते भएको विमान दुर्घटनाले पर्यटन आगमनमा केही असर परेको छ । हवाई उडानको रात्रिकालिन सेवा अब पोखराबाट हुने भए पनि पोखराका उद्योगी व्यवसायीहरु समेत निकै उत्साहित भएका छन्। नाम पोखरा अन्तर्राष्ट्रिय विमानस्थल भए पनि अन्तराष्ट्रिय हवाई उडान भएको हेर्न चाहेका पोखरेलीले अब भने रात्रिकालिसन सेवा लिन पाउने भएका हुन् । पोखरा पर्यटन परिषदका अध्यक्ष पोमनारायण श्रेष्ठले पोखरामा रात्रिकिालन हवाई उडान हुनु पोखरा क्षेत्रको पर्यटन प्रबर्द्धनमा यसले सकरात्मक प्रभाव पार्ने बताए । साँझ विहान तथा रात्रिको समयमा पनि अब विभिन्न क्षेत्रबाट हवाई उडान गर्दै पोखरा आउन र पोखराबाट बाहिर जान पाउनु निकै खुसिको कुरा भएको अध्यक्ष श्रेष्ठले बताए । रात्रिकालिन सेवाले आन्तरिक तथा बाह्यि पर्यटकहरुलाई पोखरा आउन सहज हुने उनले जनाए । हवाई सुरक्षा र हवाई उडानको शुल्कमा केही सहुलियत दियर अहिलेको विषमपरिस्थितीमा पर्यटकहरुलाई आकर्षण गर्नु पर्ने अध्यक्ष श्रेष्ठले बताए । रात्रिकालिन हवाई उडान हुनुले पोखरा क्षेत्रको पर्यटन क्षेत्रमा थप चलायमान हुने जसले यहाँको आर्थिक कृयाकलापमा थप चलायमान बनाउने कुरामा आफुहरु विशोस्त रहेको उनले जनाए । रात्रिकालिन सेवा संगै अब पोखरा देखि अन्तराष्ट्रिय हवाई उडान गर्नु पर्ने अध्यक्ष श्रेष्ठको माग रहेको छ । यसैबिच बुद्ध एयरले ९ मार्च अर्थात फागुन २५ गते देखि रात्रिकालिन हवाई सेवा संचालनको तयारी गरेको श्रोतको भनाई छ । पोखरा विमानस्थलबाट रात्रिकालिन हवाई सेवा संचालनको लागि विहिबार देखि बाटो खुल्ला भए पनि आफुहरुले तयारी गर्दै अबको केही दिनपछि मात्र रात्रिकालिन सेवा संचालन गर्ने भएको बुद्ध एयर कम्पनी पोखराका स्टेशन म्यानेजर गौतम बरालले बताए । यात्रुको माग र चाप अनुसार आफुहरुले हवाई उडान थप घट गर्ने तयारी गरेको उनले जनाए । बुद्ध सहित पोखराबाट यति, श्री, गुणा, तारा, नेपाल एयरलायन्स लगायतका एयरलायन्स कम्पनीले हाल सेवा दिदै आएका छन् । श्री एयरलायन्स कम्पनीले समेत अबको केही समय पछि रात्रिकालिन सेवा दिने भएको छ । समयको माग र पर्यटकीय क्षेत्रमा उक्त सेवा आवश्यक भएकोले त्यसमा आफ्नो कम्पनीले पनि अबको केही समय पछि रात्रिकालिन सेवा दिने भएको श्री एयरलायन्स कम्पनीका कर्पोरेट प्रबन्धक अनिल मानन्धरले बताए । दिनभरी काम सकेर रात्रि पोखरा घुम्न आउने पर्यटकलाई समेत राहत हुने जसले पोखराको पर्यटन प्रबर्द्धन हुने बिषयमा आफुहरुले पनि अब अध्ययन गरी उक्त सेवा संचालन गर्ने योजनामा रहेको उनले जनाए ।

## पर्यटनको माध्यमवाट ग्रामीण अर्थतन्त्र बलियो बन्छ : राष्ट्रपति भण्डारी

पोखरापत्र संवाददाता
पर्वत, १० फागुन

राष्ट्रपति विद्यादेवी भण्डारीले पर्यापर्यटनको माध्यमबाट ग्रामीण अर्थतन्त्र बलियो बन्ने बताउनुभएको छ । पर्वतको जलजला गाउँपालिका-२ पूर्णगाउँमा निर्माण भएको आदिबराह मन्दिरको बुधबार उद्घाटन गर्दै उहाँले जैविक विविधताको संरक्षण र कृषि उपजको बजारीकरणको माध्यमबाट ग्रामीण अर्थतन्त्रको विकासमा टेवा पुऱ्याउन सकिने बताउनुभयो ।

कृषि, वन, जलस्रोत र पर्यटनमा आधारित उद्यमशीलताको माध्यमबाट स्वदेशी उत्पादनमा वृद्धि एवम् रोजगारीको सिर्जना गर्दै र स्वावलम्बी आत्मनिर्भर अर्थतन्त्र निर्माण गर्न सकिने उहाँको भनाइ छ । "सार्वजनिक रूपमा ध्यान पुग्न नसकेका धेरै ऐतिहासिक मठमन्दिर र पर्यटकीयस्थल मुलुकका विभिन्न स्थानमा छरिएर रहेका छन्", उहाँले भन्नुभयो, "स्थानीय, प्रदेश र सङ्घीय सरकारले अग्रसरता लिएर यस्ता स्थलको संरक्षण, सर्म्बद्धन र प्रचार गरेको खण्डमा त्यसको प्रत्यक्ष लाभ स्थानीय जनसमुदायलाई हुनेछ ।" जलजलाको जैविक विविधतायुक्त कालञ्जर पहाड, मल्लाज दरबार, फलामेडाँडालगायत पर्यटकीय, धार्मिक र ऐतिहासिकस्थलको पूर्वाधार विकासमा ध्यानाकर्षण भएको राष्ट्रपति



भण्डारीले बताउनुभयो । "प्रसिद्ध बराहताल संरक्षणका लागि समुदायस्तरबाट भएको प्रयासका लागि धन्यवाद दिन चाहन्छु", उहाँले भन्नुभयो,"पर्वत जिल्लाका पर्यटकीयस्थलको प्रचारप्रसार गरी आन्तरिक र बाह्य पर्यटक आकर्षित गर्न सकिने प्रशस्त सम्भावना रहेको अनुभूत भएको छ ।" कार्यक्रममा राष्ट्रियसभाका अध्यक्ष गणेशप्रसाद तिमिल्सिना, मुख्य सचिव शङ्करदास बैरागी, संविधानसभा सदस्य अर्जुनप्रसाद जोशीले जलजला गाउँपालिकालाई धार्मिक पर्यटकीय गन्तव्य र कृषिको माध्यमबाट विकसित बनाउन भूमिका खेल्ने प्रतिबद्धता जनाउनुभयो ।

लामिछाने र घर्ती क्षेत्री समुदायले रु एक करोड ५० लाखको लागतमा दुई वटा मन्दिर निर्माण गरेको आयोजकले जनाएका छन् । मन्दिर पुनःनिर्माणको मुख्यदाता रवीन्द्रजङ्ग लामिछनेले रु २५ लाख सहयोग प्रदान गर्नुभएको निर्माण समितिका नवीन जिसीले जानकारी दिनुभयो । जलजला गाउँपालिकाका अध्यक्ष राजुप्रसाद आचार्यले राष्ट्रपतिको भ्रमणले पर्यटकीय सम्भावनायुक्त बराहताल र हम्पाल कालञ्जर क्षेत्रको प्रचार तथा पहिचान दिलाउन सहयोग पुगेको बताउनुभयो ।

समुद्री सतहदेखि एक हजार नौ सय ५० मिटरको उचाइमा रहेको बराहताल तीन रोपनी आठ आना क्षेत्रफलमा फैलिएको छ । करिब तीन मिटर गहिरो तालको पृष्ठभूमिमा धौलागिरि र निलगिरि हिमाल रहेका छन् । जनैपूर्णिमामा लाग्ने विशेष मेलामा पर्वतसहित, म्याग्दी, बागलुङ, पोखरा, चितवन, काठमाडौँ लगायतका ठाउँबाट भक्तजन आउने गर्दछन् । मागेको बर पूरा हुने विश्वास गर्ने गरिएको बराह क्षेत्रलाई धार्मिक पर्यटकीयस्थलका रूपमा विकास गर्ने योजना अगाडि बढाइएको जलजला -२ का वडाअध्यक्ष प्रकाश जिसीले बताउनुभयो ।

## नेकपा (एकीकृत समाजवादी)ले राष्ट्रपति चयनका लागि सबै दलसँग छलफल गर्ने

रासस
काठमाडौं, १० फागुन

नेकपा (एकीकृत समाजवादी)ले राष्ट्रपति चयनकासन्दर्भमा सर्वसम्मत सहमतिका लागि संसद्मा रहेका सबै दलसँग छलफल गर्ने निर्णय गरेको छ । पार्टीको बुधबार बसेको सचिवालय बैठकले राष्ट्रपतिको निर्वाचनका लागि पछिल्लो पटक विकास भएका राजनीतिक भेटघाट र घटनाक्रमका साथै समसामयिकलगायत विषयमा छलफल गरिएको पार्टीका प्रचार विभाग प्रमुख जगन्नाथ खतिवडाले जानकारी दिनुभयो ।

जनताको लामो सङ्घर्षबाट प्राप्त भएको राजनीतिक उपलब्धिविरुद्ध भइरहेका गतिविधिप्रति छलफल गरिएको बैठकमा अग्रगमन पक्षधरलाई एकताबद्ध गरी सङ्घीय लोकतान्त्रिक गणतन्त्रको रक्षाका लागि नेतृत्वदायी भूमिका निर्वाह गर्ने निर्णय गरेको छ ।

बैठकमा वाम एकताका प्रयास, सङ्गठन सुदृढिकरणका प्रतिवेदन, प्रशिक्षक प्रशिक्षणको अवस्था, प्रदेशका बैठकबाट आएका सुझावबारे पनि जानकारी गराइएको थियो ।

क्रमिक रूपमा दुबै पार्टीका दोस्रो पुस्ताका नेताबीच भइरहेका वार्ताको सार संक्षेप बैठकमा प्रस्तुत गरिएको थियो ।

## बैंक तथा वित्तीय संस्थाहरुको सडकमै उत्रेर विरोध जनाउने

पोखरापत्र संवाददाता
पोखरा, १० फागुन

पोखराका उद्योगी/व्यवसायीहरुले बैंक तथा वित्तीय संस्थाहरुको ज्यादतिविरुद्ध सडकमै उत्रेर विरोध जनाउने भएका छन् ।

पोखरा तथा लेखनाथ उद्योग वाणिज्य संघको आयोजनामा बिहीबार उद्योगी/व्यवसायीहरु सडकमा ओर्लन लागेका हुन् । पोखरा उद्योग वाणिज्य संघका अध्यक्ष पवनकुमार प्रजापतिका अनुसार बैंक तथा वित्तीय संस्थाहरुबाट कर्जामा गरिएको ब्याज वृद्धि,धरपकड एवं मानसिक आतंकको विरोधमा बिहीबार चिप्लेढुंगा चोक (बीपी चोक)मा शान्तिपूर्ण विरोध प्रदर्शनको आयोजना गरिएको हो । संघका वरिष्ठ उपाध्यक्ष गोकर्ण कार्कीका अनुसार बिहान १० बजेदेखि मध्यान्न १२ बजेसम्मको विरोध प्रदर्शनमा पोखरामा रहेका विभिन्न बस्तुगत संघको पनि सहभागिता रहने छ । निजी क्षेत्रको मागको सुनुवाइ नभएसम्म विरोधका कार्यक्रम जारी रहने र आवश्यक परे काठमाडौं नै पुगेर विरोध प्रदर्शन गरिने पनि उनले बताए ।

संघका महासचिव बलराम आचार्यले प्रदर्शनको क्रममा बैंक तथा वित्तीय संस्थाहरुको मनोमानीविरुद्ध प्लेकार्डसहित प्रदर्शन गरिने कार्यक्रम तय गरिएको हो ।


### समयमै कर तिरौं

◆आफूले तिर्नुपर्ने कर समयमै तिरौं ।
◆राज्य सञ्चालनमा सहयोग गरौं ।
◆नागरिक कर्तव्य पूरा गरौं ।

जनताबाट उठाइएको कर:
◆सडक, खानेपानी, स्वास्थ्य, शिक्षा तथा पूर्वाधार निर्माण,
◆सार्वजनिक सेवा सञ्चालन,
◆सामाजिक सुरक्षा प्रदान,
◆बैदेशिक ऋण कम गर्न आवश्यक पर्दछ ।

नेपाल सरकार
विज्ञापन बोर्ड


## राष्ट्रपति निर्वाचनका लागि मतदाता नामावली सार्वजनिक

रासस
काठमाडौं, १० फागुन

राष्ट्रपति तथा उपराष्ट्रपतिको निर्वाचनका लागि स्थापित निर्वाचन अधिकृतको कार्यालयले ती निर्वाचनका लागि सङ्घीय संसद्का तीन सय ३१ र प्रदेशसभाका पाँच सय ५० गरी कूल आठ सय ८१ मतदाता समावेश गरेको मतदाता नामावली बुधबार सार्वजनिक गरेको छ ।

निर्वाचन आयोगबाट स्वीकृत निर्वाचन कार्यक्रम र नामावलीअनुसार नाम सार्वजनिक भएको उक्त कार्यालयका सहायक निर्वाचन अधिकृत अमृताकुमारी शर्माले जानकारी दिनुभयो । ती नामबारे फागुन १० गते बिहान ११ बजेदेखि भोलि ११ गते १२ बजेसम्म उजुरी दिन सकिने र फागुन ११ गते १२ बजेदेखि अपराह्न ३ बजेसम्म आवश्यक जाँचबुझ गर्ने र सोही दिनको ३ देखि ४ बजेसम्म अन्तिम नामावली सार्वजनिक गर्ने कार्यसूची रहेको छ ।

यही फागुन २५ गते राष्ट्रपति र आगामी चैत ३ गते उपराष्ट्रपतिको निर्वाचन हुँदैछ । विद्यमान कानूनअनुसार सङ्घीय संसद्का प्रतिसदस्य मतभार ७९ र प्रदेशसभा सदस्यको प्रतिसदस्य मतभार ४८ रहेको छ । स्वीकृत निर्वाचन कार्यक्रमअनुसार राष्ट्रपतिको निर्वाचनका लागि यही फागुन १३ गते बिहान १० बजेदेखि दिउँसो ३ बजेसम्म निर्वाचन अधिकृतको कार्यालयमा उम्मेदवारको मनोनयनपत्र दर्ता गरिनेछ ।

उपराष्ट्रपतिको निर्वाचनका लागि फागुन २७ गते बिहान ९ बजेदेखि दिउँसो २ बजेसम्म उम्मेदवारको मनोनयनपत्र दर्ता गर्नेलगायतका कार्यक्रम तय गरिएको छ ।


सुपथ मूल्यमा आकर्षक छपाइ




पुस्तक, स्मारिका, ब्रोसर, क्यालेण्डर, निमन्त्रणा कार्ड, बिल, रसिद, पोष्टर,पम्प्लेट, भिजिटिङ्ग कार्ड आदि छपाईसम्बन्धी कामका लागि हामीलाई सम्झनुहोस् ।
हिमालय अफसेट प्रेस
नयाँबजार, पोखरा
फोन नं. -५२०६५१

# कास्की मोडनाइज एकेडेमीलाई हिसान गण्डकी फुटसलको उपाधि

पोखरापत्र संवाददाता
पोखरा, १० फागुन

कास्की मोडनाइज एकेडेमीले प्रथम हिसान गण्डकी प्रदेश फुटसल प्रतियोगिताको उपाधि जितेको छ । कास्की मोडनाइज एकेडेमीले जुनियर सिटिजन एकेडेमी (जेसिए) लेखनाथलाई ट्राइब्रेकरमा ४-१ गोल अन्तरले हराउदै उपाधि हात पार्न सफल भयो ।

हिसान कास्की छनौट प्रतियोगतामा जेसिए सगँ हारको बदला लिदै कास्की मोडनाइज एकेडेमीले उपाधि सगँ नगद १ लाख, ट्रफि, मेडल र प्रमाणपत्र जित्न सफल भयो । उपविजेता बनेको जेसीले नगद ५० हजार, ट्रफि, मेडल र प्रमाणपत्र हात पाऱ्यो । निर्धारीत समयमा २/२ गोल भएपछि खेल ट्राइब्रेकरमा पुगेको थियो । निधारीत समयमा कास्की मोडनाइजका लागि प्रनिल रायमाझीले दुई गोल गरे । जेसिएका लागि निशान गुरुङ र लोहार पुनले एक/एक गोल गरे । खेलको अन्तिम मिनेटमा कास्की मोडनाइजका चार खेलाडीमा सिमित भयो । विजय गिरीले रातो कार्ड खादै बाहिरीए पछि चार खेलाडीमा सिमित भएको हो । मंगलबारको खेलमा फ्युचर ब्राइटर बाग्लुङ सगँ हारेको जेसिएले उजुरी गरेपछि बुधबार फाइन खेल खल्ने पाएको हो । ब्राइटरले फर्जि खेलाडी खेलाएपछि आयोजकले जेसिएलाई फाइनल खेल्लन दिएको थियो ।




फाइनल खेलको म्यान अफ दि म्याच हुदै कास्की मोडनाइज एकेडेमीका गोल किपर रोहन क्षेत्री प्रतियोगिताको उत्कृष्ट गोलकिपर बने । त्यसैगरी एकेडेमी कै प्रनिल रानाभाट प्रतियोगिता अवधिभर १० गोल गर्दै हाइस्कोरको उपाधि जिते । प्रतियोगिताको उत्कृष्ट खेलाडीको उपाधि भने जेसिएका विकास परियार बने । फाइनल खेलको उद्घाटन गर्दै गण्डकी प्रदेशका मुख्यमन्त्री खगराज अधिकारीले प्रतियोगिताले खेलाडी उत्पादनमा सहयोगी हुने बताए ।

प्रतियोगिताका विजयी खेलाडीलाई गण्डकी प्रदेश शिक्षा विकास निर्देशनालय पोखराका निर्देशक अम्बिका प्रसाद आचार्य, आयोजन हिसान गण्डकीका अध्यक्ष रमाकान्त बराल, सचिब पुण्य प्रसाद शर्मा, सबिन ममोरियल क्लब पोखराका अध्यक्ष संजय लिगल, प्रतियोगिताका संयोजक सन्तो पराजुली लगाएतले पुरस्कार वितरण गरे । प्रतियोगितामा गण्डकी प्रदेशका ४ जिल्लाका १३ टिमले भाग लिएका थिए । प्रतियोगितामा कक्षा ११ र १२ का विद्यार्थीहरु सहभागी थिए ।

# गण्डकी प्रज्ञा-प्रतिष्ठानमा मातृभाषामा कविता वाचन

पोखरापत्र संवाददाता
पोखरा, १० फागुन

गण्डकी प्रज्ञा-प्रतिष्ठानको आयोजनामा २४ औं अन्तर ाष्ट्रिय मातृभाषा दिवसका अवसरमा मंगलबार मातृभाषामा कविता वाचन कार्यक्रम सम्पन्न भएको छ ।



गण्डकी प्रज्ञा-प्रतिष्ठानमा आयोजित सो कार्यक्रममा संस्कृत, नेपाली, मगर, गुरुङ, नेवारी, थकाली र भोटे गरी सात वटा भाषामा स्रष्टाहरूले कविता वाचन गरेका थिए । सो अवसरमा भीम रानाभाट, कृष्णप्रसाद पौडेल, रूद्रबहादुर हितान, रूद्रबहादुर श्रीस, यामबहादुर थापा, फूलकुमारी थापा, छविलाल आचार्य, छवि सुवेदी, उदयबहादुर अमात्यले कविता वाचन गर्नुभएको थियो । त्यसैगरी, मधुसूदन जोशी, जसमाया गुरुङ, विष्णु बाँस्तोला, ज्योति भट्टचन, कल्याण पन्त, असफल गौतम, मदन भण्डारीले पनि विभिन्न भाषामा कविता वाचन गर्नुभएको थियो । कार्यक्रममा भाषाविद् प्रा.डा. यमनाथ तिमिल्सिनाले गण्डकी प्रदेशमा मातृभाषाको अवस्थाबारे कार्यपत्र प्रस्तुत गर्नुभएको थियो । कार्यपत्र प्रस्तुत गर्दै प्रा.डा. तिमिल्सिनाले मातृभाषा दिनानुदिन लोपोन्मुख बन्दै गएको भन्दै मातृभाषा संरक्षणका लागि प्रयोगमा जोड दिनुपर्ने आवश्यकता औंल्याउनुभयो । त्यस्तै, कार्यक्रमका प्रमुख अतिथि विन्दुवासिनी संस्कृत विद्यापीठका प्राचार्य डा. जगन्नाथ रेग्मीले संस्कृत भाषाको महत्व अरु बढ्दै गएको भन्दै संस्कृत भाषासहित अन्य मातृभाषाको संरक्षणमा राज्यले विशेष ध्यान दिनुपर्नेमा जोड दिनुभयो । गण्डकी प्रज्ञा-प्रतिष्ठानका कुलपति सूर्य खड्का "बिखर्ची"ले पहिलोपटक प्रतिष्ठानले अन्तर्राष्ट्रिय मातृभाषा दिवसका अवसरमा कार्यक्रम आयोजना गरेको भन्दै आगामी वर्षदेखि बृहत रुपमा दिवस मनाउने उद्घोष गर्नुभयो । लोपोन्मुख मातृभाषाको संरक्षणका निम्ति सबै सरोकारवालाहरूले ध्यान दिनुपर्ने बताउँदै उहाँले मातृभाषा प्रशिक्षण कार्यक्रमलाई प्रभावकारी बनाउँदै लैजानुपर्ने आवश्यकता औंल्याउनुभयो । कार्यक्रममा गण्डकी प्रज्ञा-प्रतिष्ठानका प्राज्ञ परिषद् सदस्य एवं भाषा, साहित्य तथा दर्शन विभाग प्रमुख कृष्णप्रसाद पौडेल र प्राज्ञ परिषद् सदस्य डिलकुमारी पौडेलले मातृभाषा दिवसको महत्वबारे बोल्नुभएको थियो ।

# नेपाल दशनामी युवा समितिको नयाँ नेतृत्व

पोखरापत्र संवाददाता
पोखरा, १० फागुन

नेपाल दशनामी समाज अन्तरगतको नेपाल दशनामी युवा समिति गण्डकी प्रदेश र कास्की जिल्लाको दोस्रो अधिवेशन मंगलबार पोखरामा सम्पन्न भएको छ ।

अधिवेशनबाट गण्डकी प्रदेशमा सुर्य गिरीको नेतृत्वमा कार्यसमिति निर्वाचित भएको छभने सरस्वती पुरीको नेतृत्वमा कास्की जिल्लाको कार्यसमिति निर्वाचित भएको छ । दशनामी युवा समिति गण्डकी प्रदेशको उपाध्यक्षमा कञ्चन गिरी (नवलपुर) महिला उपाध्यक्षमा शर्मिला गिरी (पर्वत), सचिवमा राजु गिरी (कास्की) र सहसचिवमा गौरब गिरी (स्याङजा) निर्वाचित भएका छन् । कोषाध्यक्षमा भने तनहुँ जिल्लाबाट एक जना मनोनयन गरिनेछ । त्यस्तै सदस्यहरुमा सुरज गिरी (कास्की), विज्ञान पुरी (पर्वत), मुक्त गिरी (कास्की), दिब्यराज गिरी, सुस्मिता गिरी (लमजुङ, महादेव गिरी (कास्की) र अनिष गिरी (पर्वत) निर्वाचित भएका छन् ।

प्रदेशका अन्य जिल्लाबाट सदस्यमा मनोनयन गरिनेछ । त्यस्तै मंगलबार नै भएको कास्की जिल्लाको अधिवेशनबाट उपाध्यक्षमा दिपक गिरी, महिला उपाध्यक्षमा अञ्जली गिरी, सचिवमा सन्देश गिरी, कोषाध्यक्षमा सिम्रन गिरी, सहसचिवमा गंगा गिरी र सदस्यमा कामना गिरी, कृष्ण गिरी, शिव गिरी, अर्जुन गिरी निर्वाचित भएका छन् ।

अधिवेशन अघि भएको उद्घाटन सत्रमा दशनामी समाजका केन्द्रीय उपाध्यक्षद्वय तारा गिरी र सरस्वती गिरी, दशनामी महिला समितिकी केन्द्रीय उपाध्यक्ष शारदा गिरी, दशनामी युवा समितिका केन्द्रीय वरिष्ठ उपाध्यक्ष अर्जुन गिरी, दशनामी समाज कास्कीका अध्यक्ष हिरा गिरी, दशनामी समाज कास्कीका पूर्व अध्यक्ष जगत मोहन गिरी, दशनामी महिला समिति कास्कीकी अध्यक्ष सपना गिरीलगाएतले शुभकामना मन्तव्य राखेका थिए । मनोज गिरीको सभाध्यक्षमा सम्पन्न अधिवेशनमा सरस्वती पुरीले स्वागत मन्तव्य राखेकी थिइन् । कार्यक्रमको सञ्चालन प्रेम गिरीले गरेका थिए ।




# आन्तरिक मामिलामन्त्रीको गृह जिल्ला भ्रमण

पोखरापत्र संवाददाता
पोखरा, १० फागुन

गण्डकी प्रदेशका आन्तरिक मामिला तथा कानूनमन्त्री रोशन बहादुर गाहा थापाले (गृह जिल्ला) नवलपुरका विभिन्न प्रहरी चौकी तथा इलाका प्रहरी कार्यालयको निरिक्षण गरेका छन् ।

आन्तरिक मामिला तथा कानून मन्त्रालयको जिम्मेवारी सम्हालेपछि पहिलो पटक गृह जिल्ला पुगेर प्रहरी कार्यालय र त्रिवेणी भन्सारको स्थलगत अनुगमन गरेका हुन् ।



स्थलगत अवलोकनका क्रममा मन्त्री गाहामगरले छिमेकी राष्ट्र भारतसँगको सिमानामा रहेको इलाका प्रहरी कार्यालय त्रिवेणी, सोही सीमामै रहेको सशत्र प्रहरी बलको विओपी, बुलिङटार प्रहरी चौकी र इलाका प्रहरी कार्यालय डेढगाउँको निरिक्षण गरे । अवलोकन पश्चात प्रहरी कार्यालयलाई व्यवस्थित र सुरक्षित बनाउन आवश्यक रहेकाले सोही अनुरुप अघि बढ्ने मन्त्री गाहामगरले बताए । 'अनुगमन पछि मैले सिमित स्रोत र साधनले उच्च मनोबलसहित देश र जनताको सेवामा समर्पित भएको देखे, मन्त्री गाहामगरले भने, राष्ट्रसेवकहरुको न्यूनतम र आधारभूत आवश्यकतालाई सम्बोधन गर्नेगरि तयारी थाल्नेछौ ।' उनले अनुगमन गरेका दुई इलाका प्रहरी कार्यालय १ वटा बिओपी र एक प्रहरी चौकीको बेग्लाबेग्लै समस्या रहेको बताउदै समाधान गर्न मन्त्रालय पछि नहट्ने बताए । 'मैले मात्रै होइन मन्त्रालयका कर्मचारीहरुको टिमले नै निरिक्षण गरेका छौं, कानूनको परिधिमा रहेर के कति सम्म सहयोग गर्न मिल्छ, हामीले प्राथमिकतामा राखेर नै काम गर्छौं ।' मन्त्री गाहामगरले भने ।

सीमाक्षेत्रमा खटिएका प्रहरी तथा सशत्र प्रहरीका लागि विपद् व्यवस्थानका लागि उद्धारका समाग्री, सुरक्षा र गतिविधिको प्रत्यक्ष निगरानी बढाउने उद्देश्यसहित सिसिटिभी जडान, प्रहरी कार्यालयको कम्पाउण्डिङ गरिनुपर्ने सम्बन्धित प्रहरी कार्यालयले माग राखेको थियो । सो मागहरु पूरा गर्नका लागि मन्त्रालयका सचिव बद्रीनाथ अधिकारीले सम्बन्धित स्थानीय सरकारसँग समन्वय गरेर अगाडी बढ्ने बताए । 'स-साना कामहरु यहीकै स्थानीय सरकारले गर्नुहुन्छ । त्यसका लागि हामी उहाँहरुसँग समन्वय गर्नुहोला । बाँकी ठुला कामहरुका लागि मन्त्री ज्यूनै फिल्ड भिजिटमा हुनुहुन्छ त्यो कामहरुका लागि चिन्ता नलिनुहोला ।' सचिव अधिकारीले भने । मन्त्री गाहामगर नेतृत्वको निरिक्षण टोलीमा आन्तरिक मामिला तथा कानून मन्त्रलायका सचिव बद्रीनाथ अधिकारी तथा शाखा अधिकृतहरुको सहभागिता थियो । तीन दिने स्थलगत अवलोकनसहित गृहजिल्ला नवलपुर पुगेका मन्त्री गाहामगरलाई विभिन्न सामाजिक संस्थाले सम्मान अर्पण गरेको हो । गत शनिबार नवलपरको कावासोती नगारपालिका पुगेका उनलाई नेपाल लोकतान्त्रिक तामाङ संघ नवलपुर जिल्ला समितिले आन्तरिक मामिला तथा कानूनमन्त्री भएको भन्दै सम्मानपत्र तामाङ समुदायको टोली तथा खादा र मालाले सम्मान गर्यो ।

यस्तै नेपाल रेडक्रस सोसाइटी नवलपुर उपशाखा, उद्योग वाणिज्य संघ, कावासोती, अमलटारी सामुदायिक होमस्टे समिति, कावासोती नगरपालिका, कावासोती खानेपानी तथा सरसफाई उपभोक्ता संस्था, जिल्ला समन्वय समिति नवलपुर, मध्यविन्दु सामुदायिक रेडियो, गजेन्द्र मोक्षधाम त्रिवेणी धार्मिक क्षेत्र विकास समिति, नवदुर्गा राधा क्यान्सर सचेतना फाउण्डेशन, सामुदायिक वन उपभोक्ता समिति, स्थानीय आमा समुह, चिलाहा रतवल सामुदायिक होमस्टे, नेपाल मगर संघका जिल्ला तथा इकाई समितिहरु लगायत विभिन्न संघ तथा संस्थाहरुले सम्मान अर्पण गरेका थिए ।

सम्मान ग्रहणपश्चात बोल्दै मन्त्री गाहामगरले 'समृद्ध गण्डकी प्रदेश सुखी प्रदेशबासी'को नारालाई साकार पार्न निरन्तर लागिरहने प्रतिबद्धता जनाएका थिए ।

**प्यारालाइसिसका बिरामीको उपचार**

विगत १८ वर्षदेखि सञ्चालित यस हस्पिटलमा विशेष छुटका साथ नयाँ तथा पुराना प्यारालाईसिसका बिरामीहरुको सफल उपचार भैरहेको जानकारी गराउँदछौं ।

प्रेसरले हानेर प्यारालाईसिस भएका बिरामीहरुको मात्र उपचार भइरहेको छ ।

लक्षणहरु :
» शरिरको एक हर नचल्ने ।
» मुख बाङ्गो भएको ।
» खाना खान, बोल्न, पिसाब गर्न गाह्रो भएको ।
» हिँड्न नसक्ने, खुट्टा हात लुलो भएको ।

सम्पर्क:
स्पार्क वि एण्ड डि हस्पिटल प्रा.लि.
पोखरा-८ न्यूरोड, सभागृहचोक
फोन नं. ०६१-५७१४०८, ९८५६०२६७५०,९८६६४१५३८०

**के तपाईमा यौनसम्बन्धी समस्या छ**

पुरुषमा देखिने: शिघ्रपतन, यौन सन्तुष्टी नहुने, यौन चाहना नहुने, लिङ्ग उत्तेजना नहुने, लिङ चिलाउने, सरुवा यौन रोग, स्वप्नदोष, लिङ्गको आकार सानो हुने आदि ।

महिलाहरूमा देखिने: स्तन सानो गिलो हुने, सेतो पानी बग्ने, योनी चिलाउने, तल्लो पेट दुख्ने, ढाड दुख्ने, महिनाबारीमा गडवडी, यौन सन्तुष्टिमा कमी हुने आदि ।

सुन्दरता : अनुहारका सबै किसिमका दाग, डण्डीफोर कालोपोतो, अनावश्यक कोठी वा फोकाहरु, दुवी, सेता दुवी, साथै अन्य चर्मरोगहरु ।

मलद्वार सम्वन्धी रोग : छारसुत्रद्वार पायल्स, फिस्टुला, फिसरको सफल उपचारका साथै मलद्वारमा मासु पलाएको, दिसा बस्दा गाह्रो हुने, मलद्वार दुख्ने, पोल्ने, दिसासँग रगत बग्ने आदि समस्याहरूको सफल उपचार गरिन्छ।

महिला वा पुरुषमा हुने (बाँझोपन) निःसन्तानपनको सफल उपचार

जाँच्ने समय: प्रत्येक दिन बिहान ९:०० बजेदेखि बेलुकी ५:०० बजेसम्म

सम्पर्क स्थान :
माता मनकामना आर्युर्बेद क्लिनीक प्रा.लि.
नयाँबजार पोखरा (न्यू विवेक आयल स्टोर्सको घरमा)
फोन ०६१- ५८९१९४, ९८४४३११९०४, ९८०६५७५७६५

नोट : नयाँ तथा पुराना बिरामीहरूले यथाशीघ्र सम्पर्क गर्नुहोला।

**कपालको उपचार**

**कपाल झर्न तुरुन्त रोक्ने तथा उमार्ने**

के तपाई कपाल झरेर चिन्तित हुनुहुन्छ ?



- कपाल कोर्दा, नुहाउदाँ समेत सय भन्दा वढी नियमित झरिहेको छ,
- चिसो समयमा कपालका समस्याहरु बढ्न सक्छन्
- कपालको वीच वीचमा टाटुपरेर झरेको छ, कपाल चिलाउने, चाँया पर्ने, चिसोको समयमा चाँया पर्ने, कपाल झर्ने तथा टाउकोमा घाउ खटिरा आउने जस्ता समस्या छन् ।
- कपाल झरेको कारणले झुसिलो, पातलो, छोटो भएको छ, कपाल समय अगावै फुल्ने, टाउकोको अगाडिको भाग झर्ने, दाढी झर्ने, अनावश्यक रौं पलाउने भएको छ । यदि यस्ता समस्या तथा कपालका कुनैपनि समस्या भएका छन् भने एक पटक सम्पर्क राखी स्वास्थ्य लाभ लिनुहोला ।

सम्पर्क: पञ्चम आयुर्वेद क्लिनिक प्रा. लि.
पोखरा-१०, इन्द्रमार्ग, पोखरा रंगशाला नजिकै
फोन नं. ०६१-४३२२४२, ९८४६०६८८०६

फेवा प्रकाशन प्रा.लि.द्वारा प्रकाशित पोखरापत्र राष्ट्रिय दैनिकका लागि प्रधान सम्पादक : पुण्य पौडेल, सम्पादकः रतन गुरुङ, कार्यकारी सम्पादक : शोभाकान्त सिग्देल, प्रबन्ध निर्देशकः नारायण भण्डारी
कार्यालयः नयाँबजार, पोखरा, फोनः ०६१-५८२५०८, ०६१-५७०६५१, ०६१-५३७८५७ E–mail: pokharapatradaily@gmail.com, pokharapatra@yahoo.com,Website : www.pokharapatra.com.np मुद्रणः हिमालय अफ्सेट प्रेस, नयाँबजार, पोखरा।

सुक्तिसुधा

जीवन दुःखपूर्ण छ जहाँ आँसु लिएर बाँच्नुपर्छ । - लक्ष्मीप्रसाद देवकोटा

## सम्पादकीय

# रात्रीकालीन उडान

पोखरा अन्तर्राष्ट्रिय विमानस्थल संचालनमा आएको दुई महिनापछि काठमाडौं-पोखरा रुटमा अब रात्रिकालीन उडान हुने भएको छ । पोखरामा रात्रिकालीन उडानको सुविधा थिएन । जनवरी १ बाट सञ्चालनमा आएको यो विमानस्थलमा हाल बुद्ध, यती, श्री, सौर्य, श्री, गुण लगायतका वायुसेवाले आन्तरिक उडान गर्दै आएका छन् । आन्तरिक उडान तर्फ बिहानदेखि सुरु भएपनि दिउँसो ४ बजे विमानस्थल बन्द गर्नुपर्ने अवस्था थियो । देशका अन्य विमानस्थलमा रात्रिकालीन उडान हुँदा पोखरा पछाडि परेको थियो ।

बुद्ध एयरले पोखरा–काठमाडौं रात्रिकालीन उडान फागुन २५ सुरु गर्दैछ । 'विमानस्थलले म्याचुरिटी पिरियड पार गरेसँगै बुद्धले मार्च ९ गतेबाट रात्रिकालीन उडान गर्ने प्रबक्ता जानकारी गराएका छना'काठमाडौंबाट पोखरा गएर ४ वटा बुद्धको विमान बास बस्छन् ।' बुद्धले बेलुका ८ बजेसम्म उडान गर्नेछ 'अहिले दिउँसो ४ बजेसम्म उडान गरेको छ । अब काठमाडौं–पोखरा बेलुका ८ बजेसम्म हुँदा विमानस्थल पनि चलायमान हुने र यात्रुलाई पनि सजिलो हुनेछ ।

रात्रिकालीन उडान सुरु भएपछि डिले भएका उडान सहज हुने अपेक्षा गरिएको छ 'रात्रिकालीन उडान सुरु भए डिले भएका उडान पनि नियमित हुन्छ, ' 'नयाँ विमानस्थलको सुविधा पनि उपयोग रात्रिकालीन उडानसँगै हुन्छ । बल्ल पोखरा अन्तर्राष्ट्रिय विमानस्थलको महत्त्व बढ्छ । नागरिक उड्डयन प्राधिकरणले फेब्रुअरी २३ बाट पोखरा अन्तर्राष्ट्रिय विमानस्थलबाट अन्तर्राष्ट्रिय उडान गर्ने घोषणा गरेको थियो । सोही दिनबाट रात्रिकालीन उडान हुने प्राधिकरणले जनाए पनि अहिलेसम्म तालिका सार्वजनिक हुन सकेको थिएन । केही समय ढिला गरी रात्रिकालीन उडानको तालिका बुद्ध एयरलाइन्सले सार्वजनिक गरेको हो ।

रात्रिकालीन र अन्तर्राष्ट्रिय उडान दुवैको तयारी भइसकेको विमानस्थलको दावी छ । 'फेब्रुअरी म्याचुरिटी पिरियडका लागि मात्र कुरेको यो पनि पूरा भइसकेका कारण अब अलमलको अवस्था देखिनु हुँदैन । विमानस्थललाई चाहिने इक्युपमेन्ट र डकुमेन्ट र स्रोतहरू पूरा भइसकेको छ । पोखरा विमानस्थल इन्स्ट्रुमेन्ट फ्लाइट रुल्स (आइएफआर) फेब्रुअरी २३ बाट लागू हुन्छ । योसँग रात्रिकालीन र अन्तर ष्ट्रिय उडानका लागि विमानस्थलको म्याचुरिटी पिरियड पुग्छ । फ्लाइट प्रमाणित नेपाल नागरिक उड्डयन प्राधिकरणले चोक जाँच गरेर रात्रिकालीन उडान गर्न अनुमति दिएको छ । प्राधिकरणले बुद्धलाई अनुमति दिइसकेको छ ।

अन्तर्राष्ट्रिय विमानस्थल नजिकै माघ १ गते यति एयरलाइन्सको विमान दुर्घटनापछि उडान हुने/नहुने अन्योलताका बीच बुद्धको तालिका सार्वजनिक भएसँगै पोखराका पर्यटन व्यवसायीहरु खुसी देखिएका छन् । रात्रिकालीन उडान भएसँगै पर्यटनको आगमन पनि बढ्ने अविलाषा व्यवसायीको छ । सबै विमानस्थल राम्रो बनेको तर, प्रमोशन नभएको हो । उनले विमानस्थलबाट छिट्टै अन्तर्राष्ट्रिय उडान पनि हुने विश्वास गरे । भारतबाट उडानको अनुमति आए बुद्धले तीन उडान गर्ने जनाएको छ ।

पोखरा विमानस्थलबाट अन्तर्राष्ट्रिय उडानतर्फ बुद्ध एयरले भारतका तीन गन्तव्य पोखरा-बनारस-पोखरा, पोखरा-दिल्ली-पोखरा र पोखरा-देहरादुन-पोखरामा उडान गर्ने योजना बनाएको छ । आइएफआर प्रणाली लागू भएसँगै अब पोखरामा उडान तथा अवतरण गर्ने विमानलाई कुहिरो लागेका बेला पनि संचालन गर्न सकिने भएको छ । यसअघि हुस्सु र कुहिरोका कारण कहिलेकाहीं विमानस्थल नै अवरूद्ध हुने गरेको थियो ।

# नेशलन क्रियशनको १६ औं वार्षिकोत्सव

प्रतिक्षा पौडेल/ समिक्षा गौतम
पोखरा, १० फागुन

नेशल क्रियशन एकेडेमीको १६ औं वार्षिकोत्सव अभिभावक दिवस तथा पुरस्कार वितरण कार्यक्रम सम्पन्न भएको छ ।

कार्यक्रममा बोल्दै प्रमुख अतिथि शिक्षा विकास तथा समन्वय इकाइ कास्कीका प्रमुख नारायण सुवेदी पढाइ सँगै अतिरिक्त क्रियाकलापमा विद्यालयको सहभागिताले विद्यार्थीहरुको क्षमता अभिवृद्धि गर्न टेवा पुग्ने बताए । कार्यक्रममा सहायक प्रमुख जिल्ला अधिकारी गुरुदत्त ढकालले विद्यालयले शैक्षिक क्षेत्रमा महत्वपूर्ण योगदान पुऱ्याएको बताए । एन प्यास्नका केन्द्रीय उपाध्यक्ष याम खड्काले विद्यालयले एन प्यास्नले आयोजन गरेका हरेक गतिविधिमा उत्कृष्टता हासिल गरेको बताए । एन प्यास्न कास्कीका द्वितीय उपाध्यक्ष केशवशरण पौडेलले विद्यालय प्रशाशन, शिक्षक, विद्यार्थी अभिभावको समन्वयले नै शैक्षिक गुणस्तर वृद्धि गर्न सकिने बताए ।

कार्यक्रममा विद्यालयका प्राचार्य ज्ञानेन्द्रबहादुर थापाले शैक्षिक तथा भावि योजना प्रस्तुत गरेका थिए । विद्यालय व्यवस्थापन समितिका अध्यक्ष टेकबहादुर थापाको अध्यक्षतामा भएको कार्यक्रममा कानुन संयोजक भोला अधिकारी, युक्त नारायण अर्याल, लक्ष्मण देवकोटा, संस्थापक शिक्षक, प्रशासकिय प्रमुख विक्रम थापा, शिक्षक बोधराज गौतम, शिक्षक सृजना थापा, विद्यार्थी सिवानी थापा, सृजना सापकोटा, आस्था नेपाली, अनिस गुरुङ, प्रवेश सापकोटा, सलिना श्रेत्रीले बोलेका थिए । कार्यक्रममा विद्यार्थीले विविध साँस्कृतिक कार्यक्रम प्रस्तुत गरेका थिए ।

(विद्यार्थी पत्रकार)

# रोगको प्रकोपले सुक्न थाले केराका बोट

पोखरापत्र संवाददाता
म्याग्दी, १० फागुन

विगत दुई वर्षदेखि म्याग्दीमा गरिएको व्यावसायिक केरा खेतीमा देखिएको गवारो रोगको प्रकोप नियन्त्रण हुन नसक्दा केरा खेती सुकेर खेर गएको छ । धान फल्ने खेत मासेर गरिएको केरा खेतीमा रोग लागेपछि किसान चिन्तित छन् ।

केरामा खपटे घुन र गवारो रोगको प्रकोपका कारण बोट तथा पात सुक्ने, कोसा पोटिलो नहुने रोग देखिएको छ । जिल्लाको बेनी नगरपालिका–२ बगरफाँट, खबराका साथै मङ्गला र रघुगङ्गा गाउँपालिकाका विभिन्न क्षेत्रमा गरिएको व्यावसायिक केराखेतीमा रोगको प्रकोप नियन्त्रण नभएपछि किसान चिन्तित भएका हुन् ।

त्यसैगरी डढुवा रोगका कारण आलुका बोट पनि सुक्न थालेपछि किसानले औषधि प्रयोग गर्न थालेका छन् । कतिपय ठाउँमा औषधी प्रयोग गरे पनि रोगको प्रकोप कम नभएको बरु रातो कमिलासमेत देखिन थालेको बगरफाँटका कृषक जीतबहादुर कार्कीले बताउनुभयो । यता केरा गाउँका रुपमा परिचय बनाएको बेनी–२ खबरा र बगरफाँट गाउँमा खपटे घुनले सयौँ रोपनी क्षेत्रफलमा लगाइएका केराका बोट सुक्न थालेका छन् । केराखेतीलाई मुख्य आम्दानीको स्रोत बनाएका खबराका चन्द्रबहादुर कार्की केराका बोट नपसाउँदै सुक्न थालेपछि चिन्तित हुनुहुन्छ । उहाँले करिब आठ रोपनी खेतमा केराखेती गर्नुभएको छ ।

बगरफाँटका कृषक वेदप्रसाद शर्माले खपटे घुनले पसाएको केरामा दाग देखिने, केराका बोट सुक्दै जाने, बोट ढल्ने र उत्पादन पनि घट्दै गएपछि पेसा सङ्कटमा परेको बताउनुभयो । यहाँको सिङ्गो गाउँका कृषक केरा खेतीमा संलग्न छन् । सुरुआतमा सामान्य देखिए पनि केही समयपछि भने खेतीमा ठूलो क्षति पुऱ्याएको उहाँको भनाइ छ । आफ्नो करिब १० रोपनी धान फल्ने खेतमा केराखेती गर्नुभएका दुर्गाबहादुर थापाले रोगको प्रकोपका कारण यस वर्ष केराको उत्पादन घटेको बताउनुभयो । हजारी जातको केरा खेतीबाट वार्षिक रु तीन लाख आम्दानी हुँदै आएकामा रोगको प्रकोपले यस वर्ष उत्पादन र आम्दानी घटेको उहाँले बताउनुभयो । "झ्याङ भएको केरामा किरा र रोग लागेपछि सुरुमा पात सुक्दै जान्छ, त्यसपछि गुबो र विस्तारै बोट मर्ने गरेको छ", उहाँले भन्नुभयो । उपचारका लागि बोट वरिपरी काँटछाँट, सफाइ गर्ने र कृषि प्राविधिकको सिफारिसमा कीटनाशक औषधि छर्कँदै आएको कृषक थापाले जानकारी दिनुभयो । रोकथाम र उपचारमा समन्वय गर्न नसक्दा क्षति पुगेको व्यावसायिक केराखेती गर्दै आउनुभएका खबराका अर्का कृषक शोभित शर्माले बताउनुभयो । "लगानी पनि उठ्न गाह्रो हुने देखियो, पसाउन सुरु गरेको केराको पात सुकेर बोट मर्न थाल्छ", उहाँले भन्नुभयो ।

धान फल्ने खेतमा केरा खेती गरेका यहाँका किसान धमाधम केराका बोट मर्ने र पसाएका केराका कोसा पनि पोटिला हुन नसकेपछि मारमा परेका छन् । उनीहरूले स्थानीय सरकारसँग सहुलियत र सहयोगको माग समेत गरेका छन् ।

# जोमसोममा दुर्घटनाग्रस्त जहाजमा चालक दलको त्रुटि भेटियो

रासस
काठमाडौं, १० फागुन

मुस्ताङको जोमसोममा दुर्घटनामा परेको तारा एयरको ट्वीनअटर जहाजमा चालक दलको त्रुटि भेटिएको दुर्घटना जाँच आयोगले औँल्याएको छ ।

आयोगले संस्कृति, पर्यटन तथा नागरिक उड्डयनमन्त्री सुदन किराती समक्ष पेश गरेको अन्तिम प्रतिवेदनमा यस्तो त्रुटि देखिएको हो । विसं २०७९ जेठ १५ गते पोखराबाट जोमसोमका लागि उडेको तारा एयरको ट्वीनअटर ९ एन-एटीआईएचसी ६-३०० जहाज दुर्घटनाग्रस्त हुँदा चालक दलका सदस्यसहित २२ जनाको मृत्यु भएको थियो । जहाज मुस्ताङको मानापाथी हिमालको फेदीमा दुर्घटनामा परेको थियो ।

प्रतिवेदनअनुसार जहाजमा अगाडिको पहाड र त्यसको जोखिमबारे जानकारी दिने 'टेरेन अभोइडेन्स एण्ड वार्निङ सिस्टम' (टीएडब्लुएस) बन्द गरिएको थियो । सोहीकारण चालक दलले जहाजबाट अगाडि पहाड छ भन्ने जानकारी पाउन सकेनन् । सरकारले गत जेठ १६ गते जेठमा नेपाल नागरिक उड्डयन प्राधिकरणका पूर्वमहानिर्देशक रतिशचन्द्र लाल सुमनको अध्यक्षतामा दुर्घटना जाँच आयोग गठन गरेको थियो । आयोगको सदस्यमा क्याप्टेन दीपु ज्वार्चन, वरिष्ठ मेन्टिनेन्स इञ्जिनीयर उपेन्द्रलाल श्रेष्ठ, वरिष्ठ मौसमविद् मणिरत्न शाक्य सदस्य र सदस्य सचिव बुद्धिसागर लामिछाने रहनुभएको थियो । आयोगका सदस्य सचिव बुद्धिसागर लामिछानेका अनुसार उक्त दुर्घटनामा चालक दलको त्रुटि पाइएको छ । जहाजमा जडित प्रणाली सही तरिकामा उपयोग गर्न नसक्दा जहाज पहाडमा ठोक्किन पुगेको दुर्घटनाको कारणमा उल्लेख गरिएको छ । टीएडब्लुएस प्रणाली बन्द नगरी जहाज उडाएको भए दुर्घटनामा पर्नुभन्दा २ मिनेट अगाडि नै चालक दलका सदस्यलाई चेतावनी प्राप्त हुने थियो । जसले गर्दा दुर्घटना टर्न सक्ने सम्भावना रहन्थ्यो । मौसम खराबका कारण पाइलटले अगाडिको दृश्य राम्रोसँग देख्न पाएनन् । चालक दलले कम्पनीले तोकेको उडान मापदण्ड पनि पालना नगर्दा जहाज दुर्घटनामा परेको प्रतिवेदनमा भनिएको छ । आयोगले अन्तर ष्ट्रिय मापदण्डअनुसार अमेरिकाको नेशनल ट्रान्सपोर्ट सेफ्टी बोर्डसमेतको सहयोगमा प्रतिवेदन तयार पारिएको छ । उक्त प्रतिवेदन ६० दिनको समय दिएर अन्तर्राष्ट्रिय नागरिक उड्डयन सङ्गठनलगायत सम्बन्धी मुलुक र निकायमा रिभ्यूका लागि पठाउने र त्यसपछि सबैको जानकारीका लागि सार्वजनिक गरिने आयोगद्वारा जारी विज्ञप्तिमा उल्लेख छ ।

# अतिक्रमित संरचना हटाइयो

पोखरापत्र संवाददाता
म्याग्दी, १० फागुन

बेनीका विभिन्न सडक क्षेत्रमा सार्वजनिक जग्गा अतिक्रमण गरेर बनाइएका संरचना हटाइएको छ । सडकमा आवतजावत प्रभावित र दुर्घटनाको जोखिम बढेपछि बेनी नगरपालिकाले व्यवसायीलाई अस्थायी टहरा, सटर, टड्की र ठेला हटाउन अनुरोध गर्दै केही गत मङ्सिरमा सार्वजनिक सूचना जारी गरेको थियो ।

भाडा सम्झौता नवीकरण नगरेको र सघन सहरी तथा भवन डिभिजन कार्यालयले सडक विस्तार योजनाको काम सुरु गरेपछि अव्यवस्थित संरचना व्यवसायी आफैलेहटाएकानगरकार्यपालिकाको प्रवक्तासमेत रहनुभएका ७ नम्बर वडाका अध्यक्ष रमेशकुमार श्रेष्ठले बताउनुभयो । "तत्कालीन अर्थङ्गे गाविससँग सम्झौता गरेर सार्वजनिक जग्गामा अस्थायी संरचना बनाएका व्यवसायीसँगको सम्झौता पछिल्लो समय नवीकरण नगरी विकल्प खोज्न भनेका थियौँ," उहाँले भन्नुभयो, "यसअघिनै सार्वजनिक सूचना जारी गरेर ठाउँ खाली गर्न भनेका थियौँ, सडक विस्तारको काम सुरु भएपछि व्यवसायी आफैले संरचना हटाउनु भएको हो ।" जिल्ला प्रशासन र नगरपालिका कार्यालय अगाडिका १५ वटा सटर र टड्की व्यवसायी आफैले भत्काएर सामान, फर्निचर लगेका हुन् । ठेलामा फलफूल व्यवसाय गर्दै आएका दरवाङ बसपार्कमा सरेका छन् । सवारी साधनको चाप बढेको र सार्वजनिक जग्गामा रहेका अव्यवस्थित संरचनाका कारण आवतजावतमा समस्या, दुर्घटनाको जोखिम र बजार व्यवस्थापनमा समस्या भएपछि हटाइएको नगर प्रमुख सुरत केसीले बताउनुभयो । हटाइएकामध्ये केही व्यवसायीले सार्वजनिक जग्गा प्रयोग गरेबापत वर्षौँदेखिको भाडासमेत तिरेका थिएनन् । यसअघि गत पुस १५ गते नगरपालिकाले काली पुल बसपार्क ढलान गर्न त्यहाँ रहेको यातायात कम्पनीको टिकट काउन्टर र रेष्टुरेष्ट हटाएको थियो । बजारका अन्य ठाउँका अतिक्रमित र अव्यवस्थित संरचना पनि खाली गराउन ताकेता गरिएको नगर प्रमुख केसीले बताउनुभयो ।

व्यवसायी रहमद खाँनले भने दशकौँदेखि व्यवसाय गर्दै आएको ठाउँबाट विस्थापित हुँदा रोजगारी र आम्दानी गुमेको गुनासो गर्नुभयो । नगरपालिकाले प्रतिबद्धता अनुसार वैकल्पिक ठाउँमा व्यवसाय गर्ने वातावरण मिलाइदिनुपर्ने उहाँको भनाइ छ । सघन सहरी तथा भवन डिभिजन कार्यालयले प्रशासन, जिल्ला समन्वय समिति, बेनी सामुदायिक मावि, पुस्तकालय र नगरपालिकाको कार्यालय अगाडिको क्षेत्रमा सडक विस्तार, ढलान, ढल व्यवस्थापन र नाली निर्माणको काम सुरु गरेको छ ।

कार्यालयसँग यही फागुन पहिलो हप्ता रु ७५ लाख पाँच हजार नौ सय २६ मा ठेक्का सम्झौता गरेको निर्माण कम्पनी भगवती मालिका कन्ट्रक्सनका सञ्चालक विजय भट्टचनले काम तीव्र रुपमा अगाडि बढाएको बताउनुभयो । आगामी असार मसान्तभित्र सडक निर्माणको काम सम्पन्न गर्ने लक्ष्य छ । धुलाम्मे, हिलो र डुवानको समस्या समाधानका लागि सिफारिस गरिएको योजना कार्यान्वन थालिएको जिसस प्रमुख राजकुमार थापाले बताउनुभयो । जिससको सिफारिसमा सघन सहरी तथा भवन डिभिजन कार्यालयले यो योजना कार्यान्वयन गरेको उहाँले बताउनुभयो ।

# विश्वकपको एसिया क्षेत्र छनोटको लागि नेपाली टोली युएई जाँदै

रासस
काठमाडौं, १० फागुन

संयुक्त अरब इमिरेट्स (युएई) मा आयोजना हुने आइसिसी १९ वर्षमुनि (यू-१९) पुरुष विश्वकपको एसिया क्षेत्र छनोट प्रतियोगिता खेल्न जाने नेपाली टोलीलाई बुधबार बिदाइ गरिएको छ ।

नेपाल क्रिकेट सङ्घ (क्यान) द्वारा बुधबार यहाँ आयोजित कार्यक्रममा राष्ट्रिय खेलकुद परिषद् (राखेप) का सदस्य सचिव टङ्कलाल घिसिङ, क्यानका अध्यक्ष चतुरबहादुर चन्दलगायतले युएई जाने नेपाली टोलीलाई सफलताको शुभकामना दिँदै बिदाइ गर्नुभयो । आयोजक युएईसहित नेपाल, सिङ्गापुर, कतार, हङकङ र मलेसियासम्मिलित उक्त प्रतियोगिता यही फागुन १२ गतेदेखि सुरु हुनेछ ।


## नागरिक पारदर्शिताका लागि सार्वजनिक लेखा परीक्षण

**पोखरा महानगरपालिका वडा नं. २१ बाक्रे पुरानो खोला चौतारो मर्मत तथा प्रतिक्षालय निर्माण कार्य गर्दा निम्नानुसारको आम्दानी तथा खर्च भएको व्होरा सरोकारवालाहरुको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ ।**

**योजनाको नाम:** बाक्रे पुरानो खोला चौतारो मर्मत तथा प्रतिक्षालय निर्माण
**स्थान:** पोखरा–२१, कास्की
**योजना सम्झौता मिति :** २०७९/०८/२७ गते
**योजना सुरु भएको मिति :** २०७९/०८/२८ गते
**योजना सम्पन्न हुने मिति:** २०८०/०३/१५ गते
**योजनाको कुल लागत :** रु.१७,२६,६११/९०
**महानगरपालिकाबाट प्राप्त हुने रकम :** रु.१४,६८,४७०/११
**जनश्रमदान :** रु.२,५९,१४१/७९
**उपभोक्ता समिति अध्यक्ष:** नारायण सुवेदी
**उपाध्यक्ष:** राम प्रसाद पहारी, **सचिव:** लेखनाथ पहारी
**कोषाध्यक्ष:** भिमा सुवेदी सिग्देल **सदस्यहरु:** रामचन्द्र पहारी, ऋषिराम सुवेदी र हिम कुमारी क्षेत्री
**अनुगमन समिति:** भक्तिन्द्रराज रेग्मी, भागिरथ पौडेल, पूर्णदिप सिग्देल

**बाक्रे पुरानो खोला चौतारो मर्मत तथा प्रतिक्षालय निर्माण उपभोक्ता समिति पोखरा-२१, कास्की**



## नामथर र जन्ममिति फरक परेको सूचना



स्याङ्जा जिल्ला हरिनास गाउँपालिका वडा नं. ०१ निवासी भारतीय भु.पु. सैनिक नं. ५७३५९२२ भएका ८ जि.आर. का प्रेम बहादुर गुरुङको श्रीमती लालमति गुरुङको नेपाली नागरिकताको प्रमाण पत्रमा नामथर लालमति गुरुङ भएको र जन्ममिति १९९८/०३/०४ तदनुसार सन् 1941 June 17 भएको र निजको श्रीमानको भारतीय पेन्सन अभिलेखमा श्रीमतीको नामथर लालमनी गुरुङ र जन्ममिति सन् 1939 March 20 उल्लेख भई फरक फरक अभिलेखमा फरक फरक नामथर जन्ममिति भएतापनि व्यक्ति एउटै भएको व्होरा सम्बन्धित निकायमा सिफारिस गरिदिनुहुन भनी उक्त गाउँपालिका ०१ नं. वडा कार्यालयको चं.नं. ४७४, मिति २०७८/११/२७ को पत्रबाट लेखी आएकोले सबैको जानकारीको लागि यो सुचना प्रकाशित गरिएको छ ।


## तपाईको आज

| | | | |
|---|---|---|---|
| मेष | : सम्मान मिल्नेछ | तुला | : शत्रुको भय |
| वृष | : अप्रत्यसित लाभ | वृश्चिक | : झमेला बढ्ने |
| मिथुन | : आर्थिक समस्या | धनु | : कार्यमा सफलता |
| कर्कट | : मानसिक तनाब | मकर | : मन चन्चल |
| सिंह | : शारीरिक झमेला | कुम्भ | : सहयोग मिल्नेछ |
| कन्या | : ब्यापारमा लाभ | मीन | : सत्कार मिल्नेछ |


**हरिसिद्धि भविश्यवाणी केन्द्र**
पोखरा-१६, जोगिमणीमार्ग, मोबाइल: ९८५६०२०५८६
चिना, टिप, हस्तरेखा,आखत,माटो हेर्नका लागि सम्झनुहोस् ।

# राष्ट्रपति भण्डारी बागलुङमा, कालिका मन्दिरमा विशेष पूजाअर्चना

– तारानाथ आचार्य/खेमराज गौतम
बागलुङ, १० फागुन

राष्ट्रपति विद्यादेवी भण्डारीले गण्डकी प्रदेशकै प्रसिद्ध धार्मिक पर्यटकीयस्थल बागलुङ कालिका भगवतीको मन्दिरमा विशेष पूजाअर्चना गर्नुभएको छ । आज बिहान राष्ट्रपति भण्डारीले कालिका भगवती मन्दिरमा विशेष पूजाअर्चना गर्नुभएको हो । नेपाली सेनाको हेलिकप्टरमार्फत बिहान १०:३० बजे बागलुङ आउनुभएका राष्ट्रपति भण्डारीले करिब १५ मिनेट विशेष पूजाअर्चना गर्नुभएको थियो ।

उहाँ बागलुङ कालिका भगवती गुठी व्यवस्थापन समिति बागलुङको विशेष निमन्त्रणामा कालिका मन्दिरको दर्शन र पूजाअर्चनाका लागि बागलुङ आउनुभएको गुठीका अध्यक्ष कुमार खड्काले बताउनुभयो ।

राष्ट्रपति भण्डारीलाई कालिका भगवती मन्दिर प्रवेशअघि गण्डकी प्रदेशका उपसभामुख बिनाकुमारी थापा, प्रदेशसभा सदस्य कृष्ण पाठक, गोविन्द नेपाली, दीपेन्द्र थापा, बागलुङ जिल्ला समन्वय समितिका प्रमुख अम्मर थापा, प्रमुख जिल्ला अधिकारी रोशनीकुमारी श्रेष्ठ, बागलुङ नगरपालिकाका प्रमुख वसन्तकुमार श्रेष्ठलगायत सर्वसाधारणले स्वागत गर्नुभएको थियो । राष्ट्रपति भण्डारीले कालिकाको विशेष पूजाअर्चनापछि मन्दिरका मूल पुजारी जयबहादुर खड्काको हातबाट प्रसाद ग्रहरण गर्नुभयो । मूल पुजारी खड्काले उहाँलाई पूजाअर्चनामा सहयोग गर्नुभएको थियो । पूजाअर्चना पूर्व राष्ट्रपति भण्डारीले कालिका मन्दिरको परिक्रमा गर्नुभएको थियो । कालिका भगवती मन्दिरको दर्शपछि राष्ट्रपति भण्डारीले कालिका मन्दिरको संरक्षणसम्बर्द्धन र प्रबर्द्धन गर्न आग्रह गर्नुभयो ।

राष्ट्रपति भण्डारीले कालिका मन्दिरको विशेष आगन्तुक पुस्तिकामा लेख्नुभएको छ "बागलुङ जिल्लामा अवस्थित यस प्रसिद्ध कालिका भगवतीको दर्शन गर्ने सु-अवसर प्राप्त भएकोमा म साह्रै हर्षित छु, यो अवसर जुटाउने कालिका भगवती गुठीका संरक्षक तथा पदाधीकारीहरू, कर्मचारी एवं नागरिक समाजलाई विषेश धन्यवाद दिन चाहन्छु, यो समितिले यस ऐतिहासिक र धार्मिक मन्दिरको संरक्षण, सम्बर्द्धन र प्रवर्द्धन मिलाउन विशेष ध्यान दिनेछ भन्ने मैले विश्वास लिएको छु ।"

बागलुङ कालिका भगवती गुठी व्यवस्थापन समितिले उहाँलाई कृतज्ञता पत्र र विशेष मायाको चिनो दिएर बिदाइ गरेको थियो । अध्यक्ष कुमार खड्काले कालिका मन्दिरको प्रचारप्रसार र बागलुङको विकासका लागि राष्ट्रपतिको भ्रमण फलदायी भएको व्यहोरा सहितको कृतज्ञतापत्र प्रदान गर्नुभएको थियो । नेपालका पहिलो महिला राष्ट्रपतिद्वारा कालिका मन्दिर दर्शन पश्चात कालिका मन्दिरको महिमा र महत्व झनै बढ्ने बताउँदै बागलुङ कालिका गुठी व्यवस्थापन समितिले राष्ट्रपतिको कालिका मन्दिर दर्शन कार्यक्रलाई भव्य बनाउन सबैले सहयोग गरेको बताउनुभयो । अहिले बागलुङ कालिका मन्दिरलाई पुनःनिर्माण गरी कलात्मक स्वरूपमा परिवर्तन गरिँदै छ । बागलुङ कालिका भगवती मन्दिर नेपालको एक प्रशिद्ध शक्तिपीठ हो । यहाँ छिमेकी मुलुक भारतबाट पनि हरेक महिना ठूलो सङ्ख्याका दर्शनार्थी आउने गर्दछन् । हिन्दू धर्ममा कालिका भगवतीको महत्वूर्ण स्थान छ । राष्ट्रपतिको भ्रमणपछि दर्शनार्थीको सङ्ख्या थप बढ्ने विश्वास लिइएको छ । शक्ति प्राप्तिका लागि कालिका भगवतीको पूजाआराधना गर्ने विश्वास गरिन्छ । कालिका भगवतीप्रति विश्वास राखेर पूजापाठ गर्नाले भगवती प्रसन्न हुने र फल प्राप्ति हुन्छ भन्ने किंवदन्ती रहँदै आएको छ । पर्वतका राजा प्रतापीनारायण मल्लले विसं १५९० मा राज्यरोहण गरेका थिए । उनको विवाह विसं १५९१ मा पाल्पाका राजा मणिमुकुन्द सेनकी छोरीसँग भयो । विवाह हुँदा छोरीले माझकी देवीलाई पनि दाइजोको रूपमा बुबासँग मागेर आफूसँगै ल्याएकी इतिहासमा पाइन्छ । पाल्पाबाट पर्वत ल्याउने क्रममा देवीको डोली हाल मन्दिर भएको ठाउँमा बिसाएर उठाउँदा नउठेपछि राजदम्पत्तीले यस ठाउँमा मन्दिरको स्थापना गरी पूजापाठ गर्ने व्यवस्था मिलाएको किम्बदन्ती छ । वर्षको दुई पटक चैते दसैं र बडा दसैंमा नियम पूजा (जसलाई सरकारी पूजा पनि भनिन्छ) हुदैं आएको छ । नियम पूजामा पञ्चबलि चढाइन्छ । सामान्यतया पाँच बलि अन्तर्गत एक बोका, दुई राँगो, तीन कुखुरा, हाँस परेवा र पाँच सुङ्गुर पर्दछन् ।

भक्तजनले विभिन्न मनोकामना पूर्ण हुने इच्छा राखी पूजापाठ गर्ने, सुन चढाउने तथा देवीलाई बलि दिनका लागि बोका, कुखुरा, राँगा आदि ल्याउने गर्दछन् । बागलुङ नगरपालिका-१ मा मन्दिर अवस्थित छ । पूर्व र दक्षिणमा काठेखोला, पश्चिममा बागलुङ बजार र उत्तरतिर पवित्र कालीगण्डकी नदीको मनोरम दृश्य देखिने ठाउँमा मन्दिरको निर्माण गरिएको छ । मन्दिरको वरिपरी साल, सल्लो, चिलाउने र काईयोका ठूला ठूला रुखले घेरिएको दृश्य देख्न पाइन्छ ।

बागलुङ कालिका भगवतीको दर्शन गर्न देशभरिका दर्शनार्थी बागलुङ पुग्ने गर्छन् । सडकमार्गहुँदै प्रसिद्ध धार्मिकस्थल मुक्तिनाथको दर्शन गर्न जाने दर्शनार्थीहरू बागलुङ कालिका भगवतिको दर्शन गर्न पुग्ने गर्दछन् ।

# रोटरी हेल्थ केयर फाउन्डेसनमा डा.कार्की

पोखरापत्र संवाददाता
पोखरा, १० फागुन

रोटरी क्लब अफ पोखरा लेकसाइडको पहल तथा किड्नी केयर सेन्टरको संचालनको लागी रोटरी हेल्थ केयर फाउन्डेसन स्थापना गरिएको छ ।

सो फाउन्डेसनको अध्यक्षमा डा. विर बहादुर कार्की, संचालकहरुमा घरना थकाली, कृष्ण बहादुर थापा, मिन बहादुर गुरुङ्ग, राममणि पौडेल, हुम बहादुर आले, शोभाकान्त सिग्देल, सुन्दर कुमार श्रेष्ठ, राजन कुमार कुमाल, संस्थागत रुपमा क्लव सदस्य रहेका छन् ।

कम्पनी ऐन नियम अनुसार सामाजिक संस्थाको रुपमा दर्ता गरिएको फाउन्डेसनको माध्यमद्धारा क्लबद्धारा शुरु गरीएको किड्नी केयर सेन्टरलाई पूर्णता सहित स्वास्थ्य सेवा कार्यक्रमहरु गरीने कार्य योजना रहेको अध्यक्ष कार्कीले



बताए । क्लबद्धारा ४ वर्षदेखि पोखरा ७ मा रहेको जग्गामा कम्पाउन्डीङ्ग सहित पहिलो चरणको भवन समेत निर्माण गरिएको छ । क्लबले डायलसिस सेवालाई सुलभ प्रभावकारी बनाउन सदस्यहरुबाटै ६० लाख भन्दा बढी लगानी गरिएको संचालक एवम् किड्नी केयर सेन्टरका संयोजक कृष्ण बहादुर थापाले बताए ।

किड्नी तथा अन्य जटिल प्रकारका विरामीलाई दिने डायलसिस सेवालाई प्रतिष्ठानद्धारा संचालन गर्ने गरी कार्ययोजना बनाई सो निर्माणमा सहयोग गर्न विभिन्न निकायहरुसंग पहल भइरहेको कोषाध्यक्ष राममणि पौडेलले बताए ।

क्लबद्धारा संचालन गर्दै क्लबमै सिमित हुँदा मानविय कार्यमा संस्थागत, व्यक्तिगत सहभागितामा, आम पोखरेलीहरुका सहभागितामा डायलसिस पूर्ण सेवा दिने, रोटरी किड्नी केयर संचालन गरिने सचिव मिन बहादुर गुरुङ्गले बताए ।

प्रतिष्ठानको संचालनको लागी संचालकहरुको जिम्मेवारी विभाजित गरिएको छ, अध्यक्षमा डा. विर बहादुर कार्की, उपाध्यक्षमा घरना थकाली, सचिव मिन बहादुर गुरुङ्ग, कोषाध्यक्ष राममणि पौडेल र किड्नी केयर संचालनका लागि कृष्ण बहादुर थापालाई जिम्मेवारी दिएको छ ।

# जलपादेवी महिला उद्धार समूहको प्रशिक्षण

पोखरापत्र संवाददाता
पोखरा, १० फागुन



जाल्पादेवी महिला उद्धार समूहद्धारा ३ दिने धुप बनाउने तालिम गरीएको छ । स्थानिय महिलाहरुलाई लक्षित गरि गरीएको तालिममा दैनिक प्रयोगमा आउने विभिन्न प्रकारको धुप बनाउन सिकाइएको अध्यक्ष राधिका थापाले बताइन् ।

सो तालिमको समापन गर्दै पूर्व प्रदेशमन्त्री एंव सभासद विन्दु कुमार थापाले राजनिति सङ्गै सामाजिक कार्यमा लाग्न स्थानिय स्तरका रचनात्मक कार्यक्रमहरुको भूमिका महत्वपूर्ण रहने बताए ।

सृजना विकास केन्द्रका अध्यक्ष कृष्ण बहादुर थापले तालिममा पाएको शिपज्ञानलाई व्यवहारिक दैनिक जिवनमा उतार्नु पर्ने बताए । समूहको अध्यक्ष राधिका थापाको सभापतित्वमा भएको कार्यक्रममा जाल्पादेवी टोल सुधार समितिका अध्यक्ष विश्वकुमार विजुक्छे, सृजना महिला सहकारीका अध्यक्ष शुक्ष्मा पहारी, कार्यक्रम संयोजक सकुन्तला गिरी, समुहका संरक्षक सन्तुमाया गिरी, कलावती गिरी, सचिव अमृता गिरी, ललिता के.सी., प्रशिक्षक श्रीमाया श्रेष्ठ, लगायतले आ आफ्नो धारणा राखेका थिए । तालिममा ५५ जना महिलाहरुको सहभागिता रहेको थियो । समुहले यस वर्ष रजत वर्षको रुपमा विविध कार्यक्रमहरु गर्ने भएको छ ।

# सडक सञ्जालसँग जोडिँदै नार्पाभूमि

रासस
मनाङ, १० फागुन

हिमाली जिल्ला मनाङमा सडक सञ्जाल विस्तार भएको २० वर्ष भयो । मनाङमा सडक विस्तार भएको २० वर्षपछि जिल्लाको विकट क्षेत्रको रूपमा रहेको नार्पाभूमि गाउँपालिका सडक सञ्जालसँग जोडिने भएको छ ।

प्रदेश सरकार र पालिकाबाट बजेट छुट्याइएपछि नार्पाभूमिमा सडक सञ्जालको ट्र्याक खोल्न लागिएको हो । सडक सञ्जालबाट वञ्चित रहेको यस पालिकामा हाल सडक सञ्जाल विस्तारको काम भइरहेको छ । नार्पाभूमिमा सडक सञ्जालका लागि ट्र्याक खोल्न स्थानीय सरकार र प्रदेश सरकारबाट बजेट विनियोजन भएको छ । केही भागमा सडक विस्तारका ट्र्याक खोल्ने काम भएको नार्पाभूमि गाउँपालिकाका प्रमुख प्रशासकीय अधिकृत महेश पाख्रिनले जानकारी दिनुभयो ।

उहाँका अनुसार सडकको ट्र्याक खोल्नका लागि गण्डकी प्रदेश सरकारबाट रु ५० लाख र गाउँपालिकाबाट रु ९० लाख विनियोजन भएको छ । मनाङ सडक सञ्जालसँग जोडिएको लामो समयपछि नार्पाभूमि गाउँपालिकामा बल्ल मात्रै सडकको ट्र्याक खोल्न लागिएको उहाँले बताउनुभयो । नार्पाभूमि गाउँपालिकाका अध्यक्ष कोन्जो तेञ्जिङ लामाले पालिकालाई सडक सञ्जालसँग जोड्ने आफ्नो प्रतिबद्धता पूरा गर्ने लक्ष्यमा पुगेको बताउनुभयो । 'पालिकाबाट मात्रै बजेट विनियोजन गरेर भए पनि सडकको ट्र्याक खोल्ने योजना बनाएको थिएँ, यसमा प्रदेश सरकारले सहयोग गर्दा अझ हौसला थपिएको छ', अध्यक्ष लामाले भन्नुभयो ।

पालिकाको तल्लो क्षेत्रमा सडक सञ्जालको विस्तारका लागि ट्र्याक खोल्ने काम भइरहेको उहाँले बताउनुभयो । 'यहाँ ट्र्याक खोलेर मात्रै सुरक्षित यात्रा गर्न त पाउने छैनौँ, तर भीरको बाटो छ, जोखिम उत्तिकै रहेको छ, त्यसलाई मध्यनजर गरी यहाँका नदीनालाको जोखिमलाई न्यूनीकरण गर्न पुल निर्माण पनि उत्तिकै आवश्यक रहेको छ', लामाले भन्नुभयो ।

यस पालिकामा ट्र्याक खोलिएसँगै स्थानीयवासीमा खुसी छाएको छ । जोखिम बाटोमा पैदलयात्रा गर्नुपर्ने बाध्यता हट्ने उनीहरूको आशा छ । मर्स्याङ्दीलगायत साना ठूला नदीमाथि पुल निर्माण गर्न सकिए अझै यस पालिकाको सडक सुरक्षितरूपमा यात्रा गर्न सकिनेछ ।

# घरबास सञ्चालक पर्यटक सत्कारमा व्यस्त

– जनक श्रेष्ठ
लमजुङ, १० फागुन (रासस)

पर्यटक बढ्न थालेपछि यहाँ रहेको होमस्टे (घरबास) सञ्चालक अतिथि सत्कारमा व्यस्त हुन थालेका छन् । सुस्ताएको पर्यटन व्यवसायले यस क्षेत्रमा विस्तारै लय लिन थालेको छ ।

बैंसीशहर नगरपालिका-३ काउँलेपानी घरवास (होमस्टे) मा यतिबेला पर्यटकको चहलपहल हुन थालेसँगै यहाँ सुस्ताएको पर्यटन व्यवसायले गति लिन थालेको हो । चिसो मौसम सुरु भएसँगै पर्यटक आगमन सुस्ताएको थियो । यतिबेला दैनिक १५/२० जना र एक दुई दिन बिराएर ८०/९० जनाकोसमूहमा पर्यटक आउन थालेको काउलेपानी पर्यटन विकास समितिका अध्यक्ष कविन्द्र गुरुङले बताउनुभयो ।

उहाँले भन्नुभयो,"अब दैनिक दुई/तीन सय पर्यटक आउनेछन् । केही दिन अघिसमेत सिङ्गापुरबाट १४ विदेशी पर्यटक आएका थिए", काउलेपानी होमस्टे सञ्चालक लक्ष्मी श्रेष्ठ भन्नुहुन्छ, "गाउँमा पर्यटक आउन थालेसँगै घरवास सञ्चालक पर्यटक सत्कारमा व्यस्त हुन थालेका छौँ ।" विगतमा दैनिक तीन सय जनाको हाराहारी भन्दा बढी नै पर्यटक आउथे । यहाँ विभिन्न जातिका घरबास छन् । नेवार समुदायका होमस्टेमा परम्परागत नेवारी खाजाका परिकार बनाएर पर्यटकलाईदिइन्छ । उहाँले ती होमस्टेमा बिहानको खाजा सेटमा नेवारी परिकार सिन्कामारी, भट्टमारी, झिलिङ्गा, सेलरोटी चिउरा लगायतका परम्परागत खाजा बनाएर खुवाउने गर्दछन् ।

लोपोन्मुख लाखे नाच, गाईजात्रा, घोडेजात्रा, बाघ जात्रा, कृष्ण जात्रालगायतका संस्कृतिका नाच देखाउने गरेको र पर्यटकले धेरै मन पराउने गरेको उहाँको भनाइ छ । फागुन सुरु भएदेखि नै यहाँ लालीगुराँस फुल्न सुरु गरेको छ जुन पर्यटकको मुख्य आकर्षण हो । समितिका अनुसार यहाँकाप्रति घरवासले मासिक कम्तीमा रु ५० हजार आम्दानी गर्छन् । काउलेपानीको (घरवास) होमस्टेलाई सन् २०१४ मा सरकारले नेपालकै उत्कृष्ट होमस्टे घोषणा गरेको थियो । त्यसपछि काउलेपानीमा बाह्य तथा आन्तरिक पर्यटकको आगमन बढेको हो । सन् २०१६ मै काउलेपानी हामेस्टे स्वच्छ र अर्गानिक भएको भन्दै नगद १० हजार रकमसहित पुरस्कृत भया ।

गुरुङ, नेवार भुजेल जातिले काउलेपानीमा अहिले १५ घरमा होमस्टे सञ्चालन गरेका छन् । ती होमस्टेमा ८८ बढी पाहुना सुत्ने बेड रहेकोहोमस्टे सञ्चालक समितिका अध्यक्ष देवबहादुर गुरुङले बताउनुभयो ।यहाँबाट बुद्ध, माछापुच्छे, अन्नपूर्ण दोस्रोदेखि चौँथोसम्म, हिमालचुली, मनास्लु, मनास्लु दक्षिणलगायतका हिमालसँगै सूर्योदयको मनमोहक दृश्य देख्न सकिन्छ । गाउँमा रहेको काउलेपानी देवीको मन्दिरमा पुगेर दर्शन गर्नाले मनोकांक्षा पूरा हुने जनविश्वास रहेको छ ।

प्राकृतिक सुन्दरता, भौतिक संरचनाको बनोट र धार्मिक आस्थाका दृष्टिले पनि काउलेपानी मन्दिर पुग्न करै लाग्छ । काउलेपानी पुगेका पाहुनाले सो मन्दिरको अवलोकन तथा दर्शन गरेरै फर्किने गरेको होमस्टे सञ्चालक तिलमाया गुरुङले बताउनुभयो ।

एकरात बस्ने पाहुनाका लागि प्रतिव्यक्ति एक हजार ५० रुपैयाँ र सामुदायिकमा तथा समूहमा आउने पर्यटकका लागि एक हजार एक सय ५० को प्याकेज तयार गरिएको छ । स्वागतदेखि भोलिपल्ट बिदाइसम्मको लागि सो प्याकेज हो । गाउँमा आएका पर्यटकलाई फूलमाला, सेतो टीका (अक्षता)ले स्वागत गर्दै सुस्वास्थ्यको कामनासहित रक्षा धागो बाँधिदिने, स्थानीय खानपीन तीन पटक गाउँलेले पर्यटकलाई खुवाउँछन् । अनि स्वागत गीत र नृत्य प्रस्तुत गर्ने, गाउँमै उब्जाएको मकै, भट्मास, कोदोको सेलरोटी, गुन्द्रुकको अचारको खाजा खुवाउने बेग्लै खालको परम्परा रहेको छ ।

स्थानीयवासीले बेलुकी खाना खानुअघि स्थानीय परम्परागत गीत, नाच प्रस्तुत र पर्यटकलाई पनि सँगसँगै नचाउने पनि गर्दछन् । त्यस्तै, रातिको खानामा स्थानीय जातको चामलको भात, स्थानीय कुखुरा वा खसी, बोकाको मासु, सागपात, आलु आदिको तरकारी, अचार र रुचाउनेलाई कोदोको (रक्सी) पनि उपलब्ध गराइन्छ ।बैंसीसहर बजारदेखि दक्षिण पश्चिम तर्फ सात किलोमिटर टाढा रहेको काउलेपानी पुग्न सवारीसाधनमा ४५ मिनेट र पैदलयात्रामा साँढे १ घण्टा समय लाग्छ । पैदल यात्रुका लागि सिँढी निर्माण गरिएको छ । सवारी साधनमा जाने पर्यटकको लागि सडकको स्तरोन्नति गरिएको छ ।


## घर भाडामा लिने सम्बन्धी सूचना

सांग्रिला डेभलपमेन्ट बैंक लिमिटेडका शाखा कार्यालय सञ्चालनको लागि तपसीलमा उल्लेखित स्थानमा घर भाडामा लिनु पर्ने भएकोले इच्छुक घरधनीहरुले यो सूचना प्रकाशित भएको मितिले ७ दिन भित्र कार्यालय समयमा आवश्यक कागजात सहित बैंकको नजिकको शाखा/क्लष्टर कार्यालय वा कार्यालयको इमेल (procurement@shangrilabank.com) मा निवेदन दिनहुन अनुरोध छ ।

**(क) घर भाडामा चाहिएको स्थान सम्बन्धी विवरण :**
(१) कास्की जिल्ला, पोखरा महानगरपालिका वडा नं. १५ रामबजार

**(ख) शर्तहरु :**
१) भाडामा दिने घर आरसिसि फ्रेम स्ट्रक्चर सहितको पक्कि हुनु पर्नेछ ।
२) भाडामा दिन चाहेको घरमा कार्यालयको लागि आवश्यक पर्ने पानी, विजुली, ढल निकास, पार्किङ्ग, जेनेरेटर तथा ATM राख्ने ठाउँ लगायतका सुविधा भएको हुनु पर्नेछ ।
३) घर मूल सडकसँग जोडिएको वा मूल सडकसँग सहज पहुँच भएको निर्विवाद स्वतन्त्र र न्यूनतम २० फिटको बाटो हुनु पर्नेछ र अवस्था हेरी सोमा पुनर्विचार गर्न सकिनेछ ।
४) घरको बाहिरी बनावटमा कुनै असर नपर्ने गरी भित्री बनावटलाई बैंकले आफ्नो आवश्यकता अनुसार तोडमोड गरी स्वरुप परिवर्तन गर्नु पर्ने हुँदा सो को लागि घरधनी सहमत हुनु पर्नेछ ।
५) कम्तिमा १० वर्ष सम्मका लागि घर भाडामा दिन घरधनी सहमत हुनु पर्नेछ र सम्झौता गर्ने समयमा घर खाली भई सकेको हुनु पर्नेछ । कथंकदाचित १० वर्ष सम्म घर भाडामा दिन अप्ठेरो भएमा दुवै पक्षको आपसी सहमतिमा अवधि निर्धारण गर्न सकिनेछ ।
६) प्रस्तावित घर कुनै पनि मुद्दा, मामिला वा झै झगडा नभएको हुनुपर्नेछ ।
७) बैंकले बिना रोकतोक स्वतन्त्रतापूर्वक उपभोग गर्न पाउने क्षेत्रफल कम्तिमा १२०० वर्ग फिट हुनु पर्नेछ साथै माथि उल्लेखित स्थान मा भएका घरलाई पहिलो प्राथमिकता दिइनेछ ।
८) बैंकले भाडामा लिने घरमा थ्रि फेज लाइन तथा संचारको लागि आवश्यक उपकरणहरु जडान गर्नु पर्ने भएको ले सो को लागि घरधनी सहमत हुनु पर्नेछ ।
९) बैंकले तयार पारेको निवेदन फाराममा उल्लेख भएका विषयवस्तुहरु घरधनी स्वयमले स्पष्टसँग भरेको हुनुपर्नेछ ।
१०) परेका निवेदनहरु मध्येबाट बैंकले उपयुक्त घर भाडामा लिन छनौट गर्ने हुँदा निवेदक घरधनीले के कति कारणले आफनो घर भाडामा नलिएको हो भनी कुनै विवाद वा किचलो गर्न पाइने छैन ।
११) घरभाडा सम्झौताका अन्य शर्तहरु घरभाडामा लिनेदिने सम्बन्धी सम्झौता गर्दाका वखत दुई पक्षको सहमतिमा तय गरिनेछ ।
१२) घरधनीको नागरिकताको प्रमाणित प्रतिलिपि, लालपुर्जा, तिरो/एकीकृत सम्पत्ति कर बुझाएको रसिद, स्वीकृत घरको नक्शापास तथा घर निर्माण सम्पन्न कागजको प्रमाणित प्रतिलिपि तथा मासिक घरभाडा सहित उल्लेख गरी आवेदन दिनुपर्ने छ ।
१३) निवेदनको ढाँचा यस कार्यालयको इमेल (procurement@shangrilabank.com) मा इमेल गरी वा कार्यालयको वेभसाइट www.shangrilabank.com बाट डाउनलोड गरी प्राप्त गर्नु सक्नु हुनेछ ।

**नोटः रित नपुगी र म्याद गुजारी आएका निवेदन उपर कुनै कारवाही हुने छैन ।**

**यस सम्बन्धमा थप जानकारी लिने स्थान :**
**केन्द्रिय कार्यालय, प्रशासन तथा सामान्य सेवा विभाग**
**बालुवाटार, काठमाण्डौं**
**फोन नं. ०१-४४२१८६१, ४४२१८६२**

सांग्रिला डेभलपमेन्ट बैंक लि.
Shangri-la Development Bank Ltd

www.shangrilabank.com